निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति : २०७८/०४/२४

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

### स्थानीय तहका संघ महासंघसँग अन्तरक्रिया कार्यक्रम

निर्वाचन सञ्चालन एवम् व्यवस्थापनमा सहकार्य र समन्वय सम्बन्धमा निर्वाचन आयोगमा जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका पदाधिकारीहरूसँग अन्तरक्रिया कार्यक्रम आज मिति २०७८/०४/२४ गते सम्पन्न भएको छ।

कार्यक्रममा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनका लागि संविधान प्रदत्त अधिकारको उपयोग गर्दै संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य अभिवृद्धि गर्न आवश्यक रहेको तथा सो को लागि आगामी दिनका सहकार्यको आवश्यकता रहेको वताउनु भयो। साथै निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा समन्वय र सहकार्यको भावी रणनीतिका लागि प्रतिवेदन तयार गर्न आयोगबाट सचिव सहित ३ जना तथा प्रत्येक संघ महासंघबाट जनप्रतिनिधि १/१ जना र कर्मचारी १/१ जना गरी जम्मा ९ जनाको कार्यदल गठन गर्न समेत निर्देशन दिनुभयो।

कार्यक्रममा सहभागीहरूले व्यवस्थित र नियमित मतदाता नामवली संकलन, सहज र सुगम मतदान स्थल एवम् मतदान केन्द्रको व्यवस्था, निर्वाचन कार्यालयको भौतिक संरचना, मतदाता शिक्षाको प्रभावकारिता, मितव्ययी र प्रविधिमैत्री निर्वाचन, विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार लगायतका विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो। साथै लोकतन्त्रको संस्थागत विकास एवम् सुदृढिकरणका लागि निर्वाचन आधारशिला रहेकोले यसका लागि निर्वाचन सम्बन्धी आयोगको हरेक कार्यमा समन्वय र सहकार्यका लागि प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भयो। आयोगका सचिव श्री सुरेश अधिकारीले स्थानीय तहसँग सहकार्य र समन्वयका सन्दर्भमा भएका संवैधानिक व्यवस्था, कानूनी व्यवस्था, सहयोग एवम् समन्वयका क्षेत्र र आयोगबाट भईरहेका गतिविधिहरूका सन्दर्भमा संक्षिप्त प्रस्तुतिकरण गर्नुभएको थियो। कार्यक्रममा माननीय निर्वाचन आयुक्तहरू, महासंघ तथा संघबाट अध्यक्ष, उपाध्यक्ष, महासचिव, कार्यकारी निर्देशक तथा प्रतिनिधिहरू र आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको थियो।

०७८/४/२४

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्यक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np